

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ३६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ फागुन ७ गते आइतबार ❑ 19 Feb. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## पोखरा अन्तर्राष्ट्रिय म्याराथनको उपाधि केन्याका स्टेफनलाई

पोखरापत्र संवाददाता
पोखरा, ६ फागुन

सफल पोखरा अन्तर्राष्ट्रिय म्याराथनमा विदेशी धावक केन्याका खेलाडीको वचर्श्वो रहेको छ । १७ औं संस्करणको सफल पोखरा अन्तर्राष्ट्रिय म्याराथनको उपाधि यस वर्ष पनि केन्याका धावक स्टेफन कोसगेईले जिते ।

गत बर्षका विजेता स्टेफनले निर्धारित दुरी ४२.१९५ किलोमिटर म्याराथन दौडमा २ घण्टा २० मिनेट ७ सेकेण्डमा पार गर्दै यस बर्ष पनि उपाधि आफ्नो पोल्टामा पार्न सफल भए । व्यक्तिगत रुपमा उनले गत बर्ष को समय (२:१९:४३) भन्दा २४ सेकेण्ड बढी समय लागेर यस बर्ष दुरी पार गरेका हुन् ।

केन्याकै अर्को धावक जुलिस मोरुकीले प्रतियोगितामा दोश्रो भए । पोखरा म्याराथनमा पहिलो पटक सहभागि भएका उनले उक्त दूरी २ घण्टा २१ मिनेट ३५ सेकेण्डमा पूरा गरे । नेपाल आर्मीका हुमलाल श्रेष्ठले उक्त दुरी २ घण्टा २५ मिनेट १४ सेकेण्डमा पूरा गर्दै तेश्रो भए । केन्याका सिमोन चौथो भए । उनले उक्त दुरी २ घण्टा २ ९ मिनेट ३५ सेकेन्डमा पूरा गरे । पोखरा म्याराथनमा उपाधि बिजेता स्टेफनेले ५ लाख दोश्रो भएका मोरुकीले ३ लाख र तेश्रो भएका श्रेष्ठले २ लाख रुपैयाँ प्राप्त गरे ।

शनिबार नै भएको महिला तर्फको हाफ म्याराथनमा नेपाल पुलिसकी राजपुरा पछाई प्रथम भएकी छिन् । उनले २१ किमी दुरी १ घण्टा २३ मिनेट ०६ सेकेण्डमा पूरा गर्दै सफल पोखरा म्याराथनमा लगातार तीन पटक विजेता हुदै ह्याट्रिक पूरा गरिन्। यस अघि



१५ र १६ औं पोखरा म्याराथनमा उनले हाप म्याराथनमा विजेता भएकी थिइन । एपिएफकी बृन्दा श्रेष्ठ देसारले निर्धारित दूरी १ घण्टा २६ मिनेट २५ सेकेण्डमा पूरा गर्दै दोस्रो भइन् । आर्मीकी पूर्णलक्ष्मी न्यौपानले निर्धारित दुरी १ घण्टा ३० मिनेट १४ सेकेण्डमा पूरा गरी तेश्रो भइन्। त्यसैगरी महिला हाफ म्याराथनमा बिजेता राजपुराले १ लाख ५० हजार, द्वितीय बृन्दाले १ लाख तेश्रो पूर्णलक्ष्मीले ७५ हजार रुपैयाँ पुरस्कार प्राप्त गरे ।

उक्त पोखरा म्याराथनको अवसरमा आयोजित गण्डकी प्रदेशका खेलाडीहरु बिचको प्रतिष्प्रर्धामा लमजुङका रामजी बस्नेत प्रथम भएका छन्। उनले निर्धारित दुरी २ घण्टा ४१ मिनेट ३३ सेकेण्डमा पार गरेका हुन्। गोर्खाका निरज भट्टले निर्धारित दुरी २ घण्टा ४५ मिनेट १३ सेकेण्डमा पार गर्दा गोर्खाका श्याम मगरातीले २ घण्टा ५० मिनेट ३ सेकेण्डमा उक्त दुरी पार गरी तेश्रो भए । म्याराथन तर्फ गण्डकी प्रदेश स्तरिय प्रतियोगितामा प्रथम हुनेले ५० हजार, दोश्रो हुनेले ३० हजार तेश्रो हुनेले २० हजार प्राप्त गरे ।

शनिबार भएको १० किलोमिटर दौडमा नेपाल आर्मीका संजय श्रेष्ठ प्रथम आर्मीकै सुवास कार्की दोश्रो र पाचथरका दीपक सुहाङ तेश्रो भए । उक्त दुरी उनीहरुले क्रमशः प्रथमले ३६ मिनेट २९:९, दोश्रोले ३६:५४:९ र तेश्रो हुनेले ३७:०० :८ मिनेटमा पुरा गरेका हुन्। त्यसै गरी महिला तर्फको १० किलोमिटर दौडमा एपिएफकी आसा राउतले निर्धारित दुरी ५० मिनेट १२:३ सेकेण्डमा पार गर्दै प्रथम भईन्। पुलिसकी बृस्मा कुमालले ५० मिनेट २९:६४ सेकेण्डमा उक्त दुरी पार गरी दोश्रो र आर्मीकी कल्पना खड्काले निर्धारित दुरी ५१ मिनेट ६:७७ सेकेण्डमा पार गरेकी हुन्।

त्यसै गरी ५ किलोमिटर छात्रा तर्फको दौडमा छोरेपाटन माविकी नारायणी भण्डारी प्रथम भएकी छन्। त्यसै गरी इन्द्रराज्य लक्ष्मी माविकी आइती माया घले दोश्रो र मेनुका अधिकार तेश्रो भएकी छन्। छात्र तर्फको ५ किलोमिटर दौडमा बागलुङको श्री रेसा नुन थला माविका बादल कार्की प्रथम, छोरेपाटन माविका तेन्जोन रोका दोश्रो र सैनिक आवासिय महाबिद्यालय पोखराका सागर लामा तेश्रो भए ।

ह्विल चियर प्रतियोगितामा दान थिन प्रथम, सुरज गौली दोश्रो र जीवन श्रेष्ठ तेश्रो भएभने सोही इभेण्टको महिला तर्फ लक्ष्मी सुनार प्रथम, धना मगर दोश्रो र ववित्रा बिक तेश्रो भइन्। दृष्टिविहिन महिला तर्फको दौडमा विनिता पुन प्रथम, सृजना परियार दोश्रो र देवि बराल तेश्रो भइन्। सोही इभेण्टको पुरुष तर्फ विरेन्द्र लामिछाने प्रथम, आसिक खड्गी दोश्रो र प्रेम क्षेत्री तेश्रो भए । विजयी खेलाडीहरुको टोलीलाई ग्रिसका अबैतनीक राजदुत बिक्रम पाँडे, हिमश्री फुड्स प्रालिका अध्यक्ष गणेश बहादुर श्रेष्ठ, पुर्व अन्तर्राष्ट्रिय पदक धारी खेलाडी गणेश भट्टराई, पोखरेली मञ्च युकेका अध्यक्ष करम गुरुङ,


बाँकी अन्तिम पृष्ठमा ▶▶


## गण्डकीमा एमालेको मिसन ग्रासरुट अभियान शुरु

पोखरापत्र संवाददाता
पोखरा, ६ फागुन

नेकपा एमालेले मिसन ग्रासरुट शुरू गरेको छ। दुई महिने अभियानको शुक्रबार एमाले अध्यक्ष केपी शर्मा ओलीले उद्धाटन गरे । पालिका तहमा खटिने केन्द्रीय सदस्य तथा प्रदेशका सचिवालय सदस्यहरूको अभिमुखीकरण कार्यक्रम गरिएको थियो । एमाले गण्डकीले शनिवार पोखरामा प्रदेश कमिटीको बैठक आयोजना गरि अभियानमा प्रदेश कमिटीका सबै सदस्यलाई परिचालन गरिने प्रदेश ईन्चार्ज पद्मा अर्यालले जानकारी गराइन ।

बैठकमा एमालेका केन्द्रिय उपाध्यक्षदेखि स्थायी कमिटीका सदस्यसम्मले सम्बोधन गरे । हलभरी खचाखच भरिएका कार्यकर्ताहरुको अगाडि सम्बोधन गरेका नेताहरुले एमालेलाई कम्युनिष्ट पार्टी बनाउने संकल्प गरे । पार्टीभित्र गैरकम्युनिष्ट चरित्र हुर्किदै गएकोप्रति चिन्ता गरेका कार्यकर्ताहरुलाई नेताहरुले कम्युनिष्ट आचारणमा वस्न निर्देशन मात्रै दिएनन्, गाउँ गाउँमा अभियान लिएर जाने केन्द्रिय सदस्य र प्रदेश कमिटीका सदस्यहरुलाई होटल र रेष्टुरेन्टमा नवसी जनताको घरमै वसेर संगै खाना समेत आग्रह गरे । छोड्दै गएको कम्युनिष्ट आचारण, कार्यशैली र ब्यवहारलाई सुधार्न आग्रह गर्दै नेताहरुले एक स्वरमा भने, 'अब कम्युनिष्टशैली अपनाउनैपर्छ ।' पार्टीलाई लेनिनवादी संगठानात्मक सिद्धान्त उलंघन गर्ने छुट नभएको भन्दै उनीहरुले समाजवादको यात्रा तय गर्न संगठित र अनुशासित पार्टी कार्यकर्ताको आवश्यकता पर्ने औल्याए । आर्थिक रुपमा




मजवुद बन्न नेता र कार्यकर्ता सवै उत्पादनमा जोडिन समेत निर्देशन गरे ।

मिसन ग्रासरुट अभियान मार्फत पार्टी सुदृढीकरण र विस्तार अभियान तिव्र पार्नुपर्ने वताउदै करीव आधा दर्जन केन्द्रिय नेताहरुले विषयगत प्रशिक्षण दिए । पार्टीका केन्द्रिय उपाध्यक्ष तथा अभियानका गण्डकी अभिमुखीकर्ता युवराज ज्ञवालीले मिसन ग्रासरुट अभियानमा पार्टीका सवै कमिटी र जनवर्गिय संगठन चलायमान हुने बताए । उनले समाजवाद स्थापनाका लागि एमालेले नै पहलकदमी लिने वताउदै त्यसका लागि एमालेको नेतृत्वमा सरकार निर्माण आवश्यक भएको औल्याए । पार्टीका उपमहासचिव तथा प्रचार विभाग प्रमुख पृथ्वीसुब्बा गुरुङले पार्टीमा अन्य संगठनबाट प्रवेश गरेका नेता कार्यकर्ताहरुलाई जिम्मेवारी दिदै संगठानात्मक पद्धतिमा ढाल्न सक्नुपर्ने वताए । एमाले सचिव पद्मा अर्यालले नेता कार्यकर्ता कम्युनिष्ट चरित्रमा लेस हुनैपर्ने वताउदै त्यसका लागि सवैपक्ष सुध्रिन आवश्यक भएको वताईन । बैठकमा एमाले स्थायी कमिटीका सदस्य एवं मुख्यमन्त्री खगराज अधिकारी, स्थायी कमिटी सदस्य किरण गुरुङ र थममाया थापाले बिषयगत प्रशिक्षण दिएका थिए । प्रदेश कमिटीका अध्यक्ष नवराज शर्माको सभापतित्वमा भएको कार्यक्रममा उपाध्यक्ष मोहन रेग्मीले स्वागत मन्तब्य र सचिव धनन्जय दवाडीले सञ्चालन गरेका थिए। प्रदेश कमिटी बैठकले मिसन ग्रासरुट अभियानको दुई महिने कार्ययोजना निर्माण गर्दै नेताहरुको कार्यक्षेत्र तोकेको सचिव दवाडीले जानकारी दिए ।

बैठकले फागुन ७ देखि १५ गतेसम्म सवै जिल्ला कमिटीका भेला, बैठक र प्रशिक्षण सञ्चालन गर्ने, १६ गतेदेखि २० गतेसम्म सवै पालिकाहरुमा भेला, बैठक र प्रशिक्षण सञ्चालन गर्ने र फागुन २१ गते शहिद दिवसका अवसरमा सवै पालिकाहरुमा सिर्जनात्मक कामसहित जेष्ठ नागरिकलाई सम्मान गर्ने कार्यक्रम तय गरेको छ। फागुन २२ गतेदेखि वि.सं.२०८० बैशाख ३ गतेसम्म पालिका र वडास्तरमा भेला, बैठक, प्रशिक्षण, पार्टी प्रवेश, सदस्यता वितरण र नविकरण, जनवर्गिय संगठनहरुको भेला, प्रशिक्षण र कमिटी निर्माण लगायतका कार्यक्रम सञ्चालन गरिने गण्डकी प्रदेश अध्यक्ष नवराज शर्माले जानकारी दिए । बैशाख ४ र ५ गते समग्र अभियानका प्रतिवेदन तयार गरी प्रदेशमा वुझाउन अभियान खटिने नेता र जिल्ला अध्यक्षहरुलाई निर्देशन दिएको छ ।

## जनसंख्याले मात्रै पहुँच स्थापित गर्दैन: मन्त्री गाहामगर

पोखरापत्र संवाददाता
पोखरा, ६ फागुन

गण्डकी प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री रोशन गाहामगरले जनासँख्याले मात्रै प्रशासनिक र राजनीतिक पहुँच स्थापित गर्न नसक्ने बताएका छन् ।

त्रिभुवन विश्वविद्यालयको दोस्रो ठुलो आंगिक क्याम्पस पृथ्वीनारायण क्याम्पसमा आदिवासी जनजाति विद्यार्थी संघ पिएन क्याम्पस कमिटीले आयोजना गरेको 'वृहत खुल्ला सांस्कृतिक तथा मौलिक नृत्य प्रतियोगिता एवं प्रशिक्षण तथा परिचयात्मक कार्यक्रम' लाई सम्बोधन गर्दै मन्त्री गाहामगरले यस्तो धारणा राखेका हुन् । उनले आदिवासी जनजाति समुदायको जनसँख्या धेरै भएपनि पहुँचको हिसाबले कमजोर रहेको बताए ।

आदिवासी जनजाति समुदाय संख्याको हिसाबमा धेरै छौं । संख्याको हिसाबमा धेरै भएपनि विचार, संघर्ष र पहुँचमा पछाडी छौं, मन्त्री गाहामगरले भने, 'त्यसैले अब आदिवासी जनजातिको मौलिक हकका



निम्ति एकढिक्का र गम्भीर हुन जरुरी छ ।' उनले एकताले मात्रै पहुँच स्थापना हुन नसक्ने बताउदै शैक्षिक सशक्तिकरणको आवश्यकता रहेको उल्लेख गरे ।

मन्त्री गाहामगरले जनजाति साँस्कृतिक हिसाबले धनी रहेको बताउदै संरक्षणको जरुरी रहेको बताए । 'हामी कल्चर र नेचरले धनि छौं, यसको संरक्षण हुन नितान्त जरुरी । तपाइहरु विद्यार्थी जीवनबाट नै पढ्दै सिक्दै संस्कृति संरक्षणको विषयमा गम्भीर हुन आवश्यक छ । । किनभने हाम्रो मौलिक तथा ऐतिहासिक संस्कृति र परम्परा बचाउनुपर्ने अवस्था आएको छ ।' उनले भने । मन्त्री गाहामगरले विद्यार्थी नेताहरुलाई फरक-फरक पार्टीमा आवद्ध भएपनि समुदायको अधिकार प्राप्तिका लागि एकढिक्का भएर लाग्नसमेत सुझाब दिएका थिए।


बाँकी अन्तिम पृष्ठमा ▶▶



प्रजातन्त्रका आधारभूत पक्षहरू

- संवैधानिक सर्वोच्चता
- बहुलवाद
- प्रतिस्पर्धा
- विधिको शासन
- शक्तिपृथकीकरण
- मौलिक हक
- मानवअधिकार
- पूर्ण प्रेस तथा वाक स्वतन्त्रता
- सामाजिक न्याय तथा समावेशीकरण
- आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# दोश्रो खुल्ला आर्चरीको पुरुष तर्फ घर्तिमगर र महिला तर्फ आले मगरलाई उपाधि

पोखरापत्र संवाददाता
पोखरा, ६ फागुन

गण्डकी प्रदेश स्तरिय दोश्रो खुल्ला आर्चरी प्रतियोगिता २०७९ अर्न्तगत रिकर्ब खुल्ला पुरुष प्रतिष्प्रर्धामा बागलुङ्का दुर्गा घर्तिमगर प्रथम भएका छन् । पहिलो दीनको खेलमा तेश्रो स्थानमा रहेका उनले दोश्रो दिनको खेलमा ६–० को अंकले बागलुङ्कै खड्ग बहादुर घर्तीमगर लाई पराजित गरी जित हासिल गरेका हुन् ।



कास्की जिल्ला आर्चरी सघको सह–आयोजनामा पोखरा रगंशालाको आर्चरी खेल मैदानमा भएको खेलमा कास्कीमा सुमन गुरुङले ६–४ को अंकमा कास्कीकै अशिम शेरचनलाई पछि पार्दै तेश्रो भए । त्यसै गरी रिकर्ब खुल्ला महिला तर्फको प्रतिष्प्रर्धामा कास्कीले जित हासिल गरेको छ । शनिबारको खेलमा कास्कीकी केशरी माया आले मगरले कास्कीकै अनुस्का शेरचनलाई ७–३ को अंकमा पराजित गर्दै उपाधि जितिन । कास्कीकी रोजीना थापाले कास्कीकै बिष्णु माया लिम्बुलाई ६–४ को अंकले पराजित गर्दै तेश्रो भइन् ।

त्यसै गरी पुरुष स्टाण्डर्ट तर्फको विधामा बागलुङ्का हिकमत पुरीले कास्कीका कुमार पुर्जालाई ६–२ को अंकमा पराजित गरी उपाधि जिते । बागलुङ्का मुकेश रोका मगरले रेशम पुर्जा पुनलाई ७–५ को अंकमा पराजित गरी तेश्रो भए । प्रतियोगितामा रिकर्ब ओपन पुरुष तर्फ विजेतालाई ३० हजार, उपविजेतालाई २० हजार र तेश्रो हुनेलाई १५ हजार साथमा शिल्ड, मेडल र प्रमाणपत्रको व्यबस्था गरिएको थियो । रिकर्ब ओपन महिला तर्फ विजेतालाई भने १५ हजार, उपविजेतालाई १० हजार र तेश्रो हुनेलाई ५ हजार प्रदान गरिएको थियो । स्टाण्डर्ट पुरुष तर्फ विजेतालाई २० हजार, उपविजेतालाई १५ हजार र तेश्रो हुनेलाई १० हजार प्रदान गरिएको छ । उक्त प्रतियोगिता अर्न्तगत शुक्रबार भएको भेट्रान्स तर्फको विधामा म्याग्दीका जय प्रकाश छन्त्याल प्रथम भए ।

विजयी खेलाडीहरुलाई संघका केन्द्रिय अध्यक्ष दीपकराज गुरुङ, संस्थापक अध्यक्ष हरिध्वोज तुलाचन, अन्नपुर्ण आर्चरी क्लब कास्कीका पुर्ब अध्यक्ष मिन बहादुर शेरचन, पूर्व अध्यक्ष वसन्त थकाली प्रमुख अतिथी लगायतले पुरस्कार वितरण गरेका थिए । कास्की जिल्ला आर्चरी संघका अध्यक्ष योगेन्द्र शेरचनको अध्यक्षतामा प्रतियोगिता सम्पन्न भएको हो । प्रतियोगितामा गण्डकी प्रदेशका मुस्ताङ, म्याग्दी बागलुङ र कास्कीबाट करिब ८९ जना खेलाडीहरुको सहभागिता भएको कास्की जिल्ला आर्चरी संघका अध्यक्ष योगेन्द्र शेरचनले बताए । भेट्रान्स पुरुष तर्फ प्रथम हुनेले ८ हजार, दोस्रो हुनेले ५ हजार र तेस्रो हुनेले ३ हजारको साथमा मेडल र प्रमाण पत्र प्राप्त गरे ।

प्रदेश खेलकुद परिषदको बार्षिक कार्यक्रम अन्र्तगत आयोजना भएको उक्त प्रतियोगितामा मुख्य आर्थिक सहयोगीको रुपमा नेपाल ईन्भेष्टमेन्ट मेघा बैकं र पोखरा महानगरपालिका रहेको संघले जनाएको छ । प्रदेश खेलकुद परिषद गण्डकीको आयोजना, गण्डकी प्रदेश आर्चरी सघको संयोजनमा, नेपाल आर्चरी सघको समन्वयमा र अन्नपुर्ण आर्चरी क्लबको ब्यबस्थापन संचालन हुने उक्त प्रतियोगिता भएको सह–आयोजक कास्की जिल्ला आर्चरी सघले जनाएको छ ।

## पोखरा...

मञ्चका संस्थापक अध्यक्ष खड्ग बहादुर रानाभाट, पूर्व अध्यक्ष तेज बहादुर गुरुङ, सामाजिक अभियान्ता मन्जु गुरुङ लगायले पुरस्कार वितरण गरेका थिए ।

भूतपूर्व खेलाडी मञ्चको आयोजना भएको उक्त म्याराथन प्रतियोगिताको उद्घाटन गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले गरे । मुख्यमन्त्री अधिकारी, पोखराका मेयर धनराज आचार्य लगायतले ५ किलोमिटर दौड समेत पूरा गरे । प्रदेशका आर्थिक मामिला मन्त्री सिता कुमारी सुन्दास, सामाजिक बिकास तथा स्वास्थ्य मन्त्री पन्चराम गुरुङ सहितका मन्त्री एवं सांसद सहितका अन्य विभिन्न संघ संस्थाका व्यक्तिहरु रन फर फनमा सहभागि भए । कार्यक्रममा बोल्दै मुख्यमन्त्री अधिकारीले आगामी बर्षमा ३ घण्टा म्याराथन संचालनको रुटमा सडकमा सवारी पूर्ण रुपमा ठप्प पारेर पोखरालाई खेलमय बनाउनु पर्ने बताए ।

१७ औं संस्करणको सफल पोखरा अन्तर्राष्ट्रिय म्याराथन सहित विभिन्न दौड एवं रन फर फनमा करिब ५ हजार जना सहभागि भएको मञ्चका महासचिव कृष्ण तिमिल्सिनाले बताए । प्रतियोगितामा ७ वटै प्रदेशका ३७ जिल्लाबाट प्रतियोगिहरु सहभागि भएको मञ्चले जनाएको छ । प्रतियोगितामा १६ देशका २९ जना विदेशी धावकहरु सहभागि भएको मञ्चका अध्यक्ष हरि पराजुलीले बताए । सिटी म्याराथनको अवधारणामा आयोजना हुँदै आएको नेपालकै जेठो म्याराथन म्याराथनहरुको अन्तर्राष्ट्रिय छाता संस्था 'एसोसियसन अफ इन्टरनेशनल म्याराथन्स एण्ड डिष्टेन्स रेसेस' (एम्स)मा दर्ता भए पछि पहिलो पटक आयोजना भएको मञ्चले जनाएको छ । सफल पोखरा अन्तर ाष्ट्रिय म्याराथन अन्तर्गत ९ वटा इभेन्टहरु एकै पटक एकै दिन हुने जसको पुरस्कार मात्र १७ लाख ५२ हजार खर्च भएको अध्यक्ष पराजुलीले बताए । पोखरेली प्रतिष्ठित औधोगिक प्रतिष्ठान लक्ष्मी ग्रुप अन्तर्गत सुजल डेरी प्रालिको मुख्य उत्पादन सफल दुधको मुख्य प्रायोजनामा भएको पोखरा अन्तर्राष्ट्रिय म्याराथन गण्डकी प्रदेश सरकार, गण्डकी प्रदेश युवा तथा खेलकुद मन्त्रालय, पोखरा महानगरपालिका, राष्ट्रिय खेलकुद परिषद, नेपाल ओलम्पिक कमिटी, प्रदेश खेलकुद परिषद गण्डकी लगायतकाले सहयोग गरेका छन् । त्यसै गरी पोखरा म्याराथनको अन्तर्राष्ट्रिय पार्टनरको रुपमा पोखरेली मञ्च युके, नेपालको प्रतिष्ठित बैंक कृषि विकास बैंक बैकिङ पार्टनरको रुपमा रहने छ । सफल पोखरा अन्तर्राष्ट्रिय म्याराथनको प्रवर्द्धकको रुपमा नेपाल पर्यटन वोर्ड रहेको आयोजकले जनाएको छ । कार्यक्रममा शिनेकर्मी गौरी मल्ल, हाँस्य कलाकार जितु नेपाल, हिमाली सांस्कृति परिवार, विभिन्न बिद्यालयका बिद्यार्थीहरु लगायतको प्रस्तुती समेत रहेको थियो । आयोजकले यस पाली केही व्यवस्थापनमा कमीकमजोरीका कारण दौड सुरु हुदा र पुरस्कार वितरणसम्म केही समस्या र निकै लामो भएको थियो । बिद्यालय स्तरिय छात्रा तर्फ ५ किलोमिटर दौडको विजेता उपविजेताहरुको घोषणा गर्न पनि निकै समय लाग्यो भने पहिलो प्रथम र तेश्रोको घोषणा भई पुरस्कार वितरण पश्चात खेलाडीको दबाबका कारण केही समय पछि मात्र इन्द्र राज्य लक्ष्मी माविकी छात्रा आइतीमाया घलेलाई दोश्रो भएको घोषणा सहित पुरस्कार प्रदान गरिएको थियो । आयोजकले भने यस पटक चिप्स प्रयोग गरेका कारण नतिजा सार्वजनिक गर्न ढिलाई भएको जनाएको थियो । पुरस्कार वितरण गर्न मात्र करिब ३ घण्टा लागेको थियो ।

## जनसंख्याले...

आदिवासी जनजाति विद्यार्थी संघ पिएन क्याम्पस कमिटीको आयोजना र नेपाल मगर विद्यार्थी पृथ्वीनारायण क्याम्पस किमिटीको सहआयोजनामा सम्पन्न वृहत खुल्ला सांस्कृतिक तथा नृत्य प्रतियोगितामा सामुहिकतर्फ डिडी डान्स स्टुडियो प्रथम भएको छ ।

यस्तै न्यू ग्यालेक्सी बोर्डिङ स्कुल द्धितीय, फुलमुन डान्स स्टुडियो तृतीय र दीप मगर समाज र ज्ञानु बाबा बोर्डिङ स्कुलले सान्त्वना स्थान हाँसिल गरे ।

सामुहिक नृत्य प्रतियोगितामा प्रथम, द्धितीय, तृतीय र सान्त्वना भएका समूहलाई क्रमशः १२ हजार, ८ हजार, ५ हजार रसान्त्वना भएका दुई समूहलाई समान २/२ हजार नगद राशी प्रदान गरेको आयोजक संस्थाका अध्यक्ष अर्जुन बरामले जानकारी दिए । उनका अनुसार एकल नृत्यतर्फ यसोधा रोका प्रथम, सरु खत्री द्धितीय र डानियाल तृतीय भइन् । उनीहरुले क्रमशः ५ हजार, ३ हजार र २ हजार पुरस्कार प्राप्त गरेका थिए ।



केदारेश्वर महादेवमणि मन्दिरमा भक्तजनः
महाशिवरात्रिको अवसरमा शनिबार पोखरा-६ बैदामस्थित केदारेश्वर महादेवमणि मन्दिरमा पूजा तथा दूध चढाउन जाने भक्तजनहरुको भीड ।

# निजी क्षेत्रका विद्यार्थीलाई छात्रवृत्ति

पोखरापत्र संवाददाता
पोखरा, ६ फागुन

पोखरा विश्वविद्यालयका उपकुलपति प्राडा प्रेमनारायण अर्यालले विश्वविद्यालयको शिक्षालाई प्रभावकारी बनाउन प्रयोगात्मक शिक्षालाई बढी जोड दिनुपर्ने बताउनुभएको छ ।

पोखरा विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र अध्ययन सङ्कायद्वारा यहाँ आयोजित 'नेपालमा दिगो विकासका सम्भावन र चुनौती' विषयक अन्तरक्रिया कार्यक्रममा उहाँले प्रयोगात्मक शिक्षालाई प्रभावकारी बनाउन पाठ्यक्रम परिवर्तन गर्ने जानकारी दिनुभयो । उहाँले विश्वविद्यालयमा प्रतिवर्ष विद्यार्थीको सङ्ख्या घटिरहेकाले अब सैद्धान्तिक शिक्षाका साथै प्रयोगात्मक शिक्षा आवश्यक रहेको बताउनुभयो । "पोखरा विश्वविद्यालयले दिँदै आएको छात्रवृत्तिमासार्वजनिक विद्यालयका विद्यार्थीलाई ६० प्रतिशत र निजी विद्यालयकालाई ४० प्रतिशत दिने निर्णय गरेको छ । यसले विद्यार्थी सङ्ख्या बढाउनेमा ढुक्क छौँ", अर्यालले भन्नुभयो । सार्वजनिक विद्यालयका विद्यार्थीलाई मात्र धेरै प्रतिशत छात्रवृत्ति दिँदा निजी विद्यालयका विद्यार्थी दश जोड दुई पास गरेपछि अध्यननका लागि विदेश जाने क्रम बढेपछि निजी विद्यालयका विद्यार्थीलाई पनि छात्रवृत्ति बढाउन लागिएको उहाँको भनाइ थियो ।

पोखरा विश्वविद्यालयका रजिष्ट्रार प्राडा दीपकबहादुर भण्डारीले अध्ययनका लागि विदेश जाने विद्यार्थीलाई नेपालमै रोक्न सरकार र विश्वविद्यालयले अध्ययन गरी आवश्यक कार्यविधि ल्याउनुपर्ने बताउनुभयो । राष्ट्रिय योजना आयोगका पूर्वसदस्य विनायक भद्रले नेपालमा समृद्धि र उद्योगधन्दा राम्रोसँग चल्न नसक्दा विद्यार्थी शिक्षा र रोजगारीका लागि विदेश हानिने गरेको बताउनुभयो ।गैरसरकारी संस्था महासङ्घ कास्कीका कार्यवाहक अध्यक्ष पदम पहारीले हरेक क्षेत्रमा राजनीतिक अस्थिरता र हस्तक्षेपका कारण नेपालमा शिक्षाको गुणस्तर खस्केको उल्लेख गर्दै समय समयमा हुने बन्द हडतालले समेत विद्यार्थीको मनोबल गिराउने काम गरेको बताउनुभयो । पोखरा विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र अध्ययन सङ्कायका डिन डा अजय थापाको अध्यक्षतामा भएको उक्त कार्यक्रममा उपप्राध्यापक अर्जुनकुमार थापाले 'नेपालमा दिगो विकासका सम्भावना र चुनौती' विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

# सर्वेश्वर शिव मन्दिरमा चन्द्रकलाको अक्षयकोष स्थापना

प्रतिक्षा पौडेल/समिक्षा गौतम
पोखरा, ६ फागुन

मनभरीका धनी । हृदय फुकाएर सहयोगका वर्षा । छाती चौडा भएका दानविरहरुको कमि छैन समाजमा ।


महाशिवरात्री २०७९ को पावन अवसरमा पोखरा वडा नं १३ बुडुवा मार्ग निवासी मनकी धनी भक्तजन एवं समाजसेवी चन्द्रकला आचार्यले अक्षयकोष स्थापना गरी हृदय फुकाएकी छिन् । श्रीमान बिनोद प्रसाद आचार्य, छोरा जगन्नाथ आचार्य, बुहारी गोमा आचार्य लगायत नाति नातिना क्रमश सौगात र सजना आचार्यको नाममा सर्वेश्वर शिव मन्दिर संरक्षण तथा पुजा व्यवस्थापनले अक्षयकोष स्थापना गरेकी हुन् । आचार्यले समितिमा रु पच्चिस हजासरको अक्षयकोष स्थापना गरि पुण्यकार्य गरेकी हुन् ।



चन्द्रकलाले महाशिवरात्री २०७९ को अवसरमा पोखरा-११, काहुं रानीबगर स्थित नवनिर्मित सर्वेश्वर शिव मन्दिरको प्राङ्गणमा सम्पन्न धार्मिक पुजा अर्चना (रुद्री पुजा ) एवं महाशिवारात्री मेलामा सो घोषणा भएको समाजसेवी अर्जुन वहादुर क्षेत्रीले वताए ।

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क बि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने :
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरुमा देखिने :
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४३११९०६, ९८५१०८८११८
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

# दमौली–चितवन वैकल्पिक मार्ग निर्माण गरिने

-पूर्ण विके
तनहुँ, ६ फागुन

तनहुँको दमौलीबाट चितवनको नारायणघाट निस्कने वैकल्पिक मार्गको सुरुआती ट्र्याक खालिएको करिब ३१ वर्ष भयो । तर अझै पनि यस बुद्धसिं मार्ग स्तरोन्नतिको कार्य प्राथमिकतामा नपर्दा ओझेलमा परेको छ । ३४ किलोमिटर दूरी रहेको उक्त मार्गमा खाल्डाखुल्डी र खोलानालाका कारण यात्रुले सास्ती खेप्दै आएका छन् ।

यस मार्गबाट नारायणघाट हुँदै दमौली पुग पृथ्वीराजमार्गको यात्राभन्दा २२ किलोमिटर दूरी छोटो पर्छ । तर आँबुखैरेनी–५ र भरतपुर महानगरपालिका–२९ जोड्ने त्रिशूली नदीमाथि मोटरेबल पुल नबन्दा यात्रु दमौलीदेखि आँबुखैरेनी–५ घुमाउने घाटसम्म यात्रा गर्न बाध्य छन् । वर्षायाममा सवारीसाधन चलाउन कठिन भएको ग१ख ५८४९ नं को मिनी बसका चालक चन्द्रबहादुर भुजेलले बताउनुभयो । “खाल्डाखुल्डीले सवारीसाधन हाँक्न सास्ती हुन्छ”, उहाँले भन्नुभयो, “वर्षायाममा खोलामा पानी बहाव बढेर समेत समस्या हुने गरेको छ ।” धेरै मोड र खाल्डाखुल्डी भएकाले न्यून सङ्ख्यामा जिप चल्ने गरेका भुजेल बताउनुहुन्छ । “घुम्तीका कारण बस गुडाउन सकिँदैन”, उहाले भन्नुभयो, “गुडाए पनि नियमित मर्मत गरिरहनुपर्छ ।”

नारायणघाटबाट मुग्लिन, आँबुखैरेनी र डुम्रे हुँदै दमौलीसम्मको दूरी ७४ किलोमिटर छ । तर सेती नदीको तिर हुँदै दमौली निस्कन यस मार्गबाट जम्मा ५२ किलोमिटरको यात्रा तय गरे पुग्छ । त्रिशूलीमाथि पुल नबन्दा घुमाउनेघाटमै पुगेर सवारीसाधन रोकिनुपर्ने अवस्था छ । झापा, धरान, बुटवल, भैरहवालगायत तराईदेखि पोखरा, पर्वत, बागलुङ, स्याङ्जा, म्याग्दीलगायत जिल्ला पुग्न २२ किलोमिटर छोटो दूरी पर्ने यस वैकल्पिक मार्ग प्राथमिकतामा नपर्दा आफूहरूले सास्ती खेप्दै आउनु परेको बुद्धसिं मार्ग उपभोक्ता समितिका अध्यक्ष चन्द्रबहादुर गुरुङले बताउनुभयो । “यो सडक अहिलेसम्म कालोपत्र भइसक्नुपर्ने हो”, उहाँले भन्नुभयो, “त्रिशूलीमापुलनबन्दायसक्षेत्रका बासिन्दाले सास्ती खेप्नु परेको छ ।” भरतपुर महानगरपालिका–२९ र आँबुखैरेनी गाउँपालिका–५ जोड्न त्रिशूलीमाथि पक्की पुल नबन्दा यो मार्ग ओझेलमा परेको स्थानीयवासीको भनाइ छ । त्रिशूलीमा पक्की पुल नबन्दा आफूहरूले झोलुङ्गो पुलबाट बोकेरै सामान लैजानुपर्ने बाध्यता रहेको आँबुखैरेनी–५ का हरिप्रसाद ढकालले बताउनुभयो । “हामीले कष्टकर तवरले झोलुङ्गो पुलबाटै सामान वारपार गर्नुपर्ने अवस्था छ”, उहाँले भन्नुभयो, “यो क्षेत्रमा पक्की पुल निर्माण गर्ने कुरा थियो, अहिलेसम्म बन्ने सुरसार छैन ।” घुमाउनेघाटका केही पसलमा झोलुङ्गेपुलबाट खाद्यान्न ओसारेको स्थानीय मजदुरले २५ किलोग्राम चामलको प्रतिबोरा रु ३० देखि रु ५० सम्म तिर्नुपर्ने आँबुखैरेनी–५ घुमाउनेघाटकी व्यापारी चन्द्रकला गुरुङले बताउनुभयो । “पक्की पुल नबन्दा झोलुङ्गेपुलबाट सामान बोकाएरै पसलमा ल्याउनुपर्ने अवस्था छ”, उहाँले भन्नुभयो । उक्त मार्गमा पहिलो प्राथमिकता पुल निर्माणमा हुनुपर्ने स्थानीयको माग छ । पुल निर्माण सम्पन्न भए दैनिक यातायात सञ्चालन हुने र स्थानीय उत्पादनलाई सजिलै बजारसम्म पुऱ्याउन सकिने छ । पुल निर्माणसहित उक्त मार्गमा दैनिक यातायात सञ्चालन हुन सके उक्त क्षेत्रको विकट बस्ती धरमपानी, छिम्केश्वरी, देउराली, देवघाटको उत्तरी क्षेत्र, छिपछिपे र वैदीका हजारौँ बासिन्दालाई प्रत्यक्ष फाइदा पुग्ने बुद्धसिं मार्ग उपभोक्ता समितिका पूर्वअध्यक्ष विश्व वास्तोलाले बताउनुभयो ।

“यो मार्ग राज्यको प्राथमिकतामा परेको भए यहाँका नागरिकको जीवनस्तर उहिल्यै उकासिने थियो”, उहाँले भन्नुभयो, “मार्गको स्तरोन्नति नहुँदा घण्टौँ हिँडेर चितवन र दमौली आउजाउ गर्नु परेको छ ।” व्यास–१ दमौली बसपार्कदेखि आँबुखैरेनी–५ घुमाउनेघाटसम्म यस मार्गको कूल लम्बाइ ३४ किलोमिटरमध्ये १० किलोमिटर पक्की सडक निर्माणका लागि ठेक्का सम्झौता भइसकेको पूर्वाधार विकास कार्यालय तनहुँले जनाएको छ । चालू आर्थिक वर्षमै सक्ने गरी २०७९ भदौ २७ गते सफल मैनाचुली जेभीले बसपार्कदेखि १० किलोमिटर सुँडेको पुलसम्म सात मिटर चौडा हुने गरी पक्की गर्ने कार्य गरिरहेको इन्जिनियर धनमाया मिश्रले जानकारी दिनुभयो । उक्त मार्गमा रहेका खहरे खोलाले वर्षायाममा यातायात सञ्चालनमा कठिनाइ हुने गरेकाले पक्की पुल बनाउन प्रक्रिया अघि बढाएको उहाँले बताउनुभयो ।

“बुद्धसिंमार्गको १० किलोमिटर पक्की सडक यसै आर्थिक वर्षमा सम्पन्न गर्ने गरी निर्माण भइरहेको छ”, उहाँले भन्नुभयो, “त्रिशूलीमा मोटरेबल पुल निर्माण हाम्रो जिम्मेवारीभित्र पर्दैन ।” उक्त मार्गको कूल ३४ किलोमिटर सडक खण्डमध्ये आठ किलोमिटर तनहुँ हाइड्रो पावरको जिम्मेवारीमा पर्ने र बाँकी १६ किलोमिटर पक्की सडक निर्माणका लागि समपूरक योजनामा पार्नका लागि प्रक्रिया अघि बढाएको पूर्वाधार विकास कार्यालयले जनाएको छ ।

# कार्यसम्पादन मूल्याङ्कनमा तनहुँको भिमाद उत्कृष्ट

पोखरापत्र संवाददाता
दमौली, ६ फागुन

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको प्रतिवेदनअनुसार कार्यसम्पादन मूल्याङ्कनमा तनहुँको भिमाद नगरपालिका उत्कृष्ट भएको छ । आयोगले आर्थिक वर्ष २०८०/०८१ का लागि वित्तीय समानीकरण अनुदान सिफारिस गर्ने प्रयोजनका लागि कार्यसम्पादन मूल्याङ्कनमा भिमाद नगरपालिका उत्कृष्ट भएको हो ।

आयोगले विभिन्न १७ वटा सूचकका आधारमा देशभरका स्थानीय तहको कार्यसम्पादन मूल्याङ्कन गरेकामा भिमाद नगरपालिका प्रथम भएको हो । भिमाद नगरपालिकाले ७१ दशमलव ९२ अङ्क प्राप्त गरेको छ । भिमाद नगरपालिकाका प्रमुख दधिराज सुवेदीले आयोगको सूचकका आधारमा नगरपालिकाले उत्कृष्टता हासिल गरेको जानकारी दिनुभयो ।

कार्यसम्पादन मूल्याङ्कनमा आँबुखैरेनी गाउँपालिका तेस्रो भएको छ । आँबुखैरेनीले ६३ दशमलव ६१ अङ्क प्राप्त गरेको छ । त्यस्तै व्यास नगरपालिकाले ५७ दशमलव ९०, म्याग्दे गाउँपालिकाले ५६ दशमलव २०, ऋषिङ गाउँपालिकाले ५३ दशमलव ९७, बन्दीपुर गाउँपालिकाले ५२ दशमलव ८६, देवघाट गाउँपालिकाले ४९ दशमलव ९२, घिरिङ गाउँपालिकाले ४८ दशमलव ५८, शुक्लागण्डकी नगर पालिकाले ४५ दशमलव ८७ र भानु नगरपालिकाले ४५ दशमलव ६७ अंक प्राप्त गरेको छ । विसं २०७९ असार १० गतेभित्र आर्थिक वर्ष २०७९/०८० को राजस्व र व्ययको अनुमान सम्बन्धित सभामा पेस गरे/नगरेकोलाई पहिलो सूचक बनाएको छ । आर्थिक वर्ष २०७९/०८०कोराजस्वरव्ययको अनुमान सम्बन्धित सभाबाट २०७९ असार मसान्तभित्र पारित गरे नगरेकोलाई दोस्रो सूचक बनाएको छ । स्थानीय तहले घरजग्गा रजिस्ट्रेशन शुल्क, मनोरञ्जन कर तथा विज्ञापन करवापत उठेको रकममध्ये प्रदेश सरकारलाई दिनुपर्ने ४० प्रतिशत रकम मासिकरूपमा प्रदेश सञ्चित कोषमा जम्मा गरे नगरेकोलाई तेस्रो सूचक बनाएको छ । स्थानीय तहले आर्थिक वर्ष २०८०/०८१ को आय व्यय प्रक्षेपण गरिएको तथ्याङ्कसहितको विवरण २०७९ पुस मसान्तभित्र अर्थ मन्त्रालयमा पेस गरे/नगरेकोलाई चौथो सूचक बनाइएको छ ।

स्थानीय तहले आर्थिक वर्ष २०७८/०७९ को बजेट कार्यान्वयनको वार्षिक समीक्षा गरी तत्तसम्बन्धी विवरण २०७९ कात्तिक मसान्तभित्र सार्वजनिक गरे/नगरेकोलाई पाँचौं सूचक बनाइएको छ । आव २०७८/०७९ को राजस्व सङ्कलनको प्रक्षेपित लक्ष्य, आव २०७८/०७९ को यथार्थ राजस्व सङ्कलन रकम, आव २०७७/०७८ को यथार्थ राजस्व सङ्कलन रकम, आव २०७८/०७९ मा कुल विनियोजित रकम, आव २०७८/०७९ मा कूल पूँजीगत विनियोजित रकम, आव २०७८/०७९ मा कूल पूँजीगत खर्च रकम, आव २०७७/०७८ मा कायम भएको बेरुजु रकम, स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीको प्रयोग गरे/नगरेको, स्थानीय तहले आवधिक योजना तर्जुमा गरे नगरेकोलाई सूचक बनाइएको छ ।

शैक्षिक सत्र २०७९ मा कक्षा १ देखि ८ सम्मको औसत खुद विद्यार्थी भर्नादर, शैक्षिक सत्र २०७८ मा कक्षा ८ मा रहेका विद्यार्थी संख्या, शैक्षिक सत्र २०७९ मा कक्षा ९ मा रहेका विद्यार्थी संख्या, शैक्षिक सत्र २०७८ मा सामुदायिक विद्यालयबाट कक्षा १० को परीक्षामा सहभागी कूल विद्यार्थी संख्या, आव २०७८/०७९ मा चारपटक गर्भजाँच गर्ने महिलाको संख्या, आव २०७८/०७९ मा २४ महिनासम्मका बालबालिकाको अनुमानित संख्या, पूर्णखोप पाएका बालबालिकाको संख्यालाई सूचक बनाएको छ ।

# तेह्र वर्षपछि निवारणको चरणमा हात्तिपाइले

पोखरापत्र संवाददाता
बागलुङ, ६ फागुन

सामान्यतया छ वर्षमा निवारण भएको हात्तिपाइले बागलुङमा १३ वर्षमा समेत निवारण भएको छैन । हात्तिपाइले रोगबाट बच्न लगातार छ पटक हात्तिपाइले रोगविरुद्धको औषधि खानुपर्छ । बागलुङमा पुनः‘यसै पटक र अन्तिम पटक’ भन्ने नाराका साथ हात्तिपाइले विरुद्धको १४औँ चरणको औषधि सेवन अभियान थालिने भएको छ ।

लगातार छ पटक औषधि खाएमा मात्र रोगको जोखिमबाट बच्न सकिने भए पनि बागलुङमा १३औं पटकसम्म हात्तिपाइलेको औषधि खुवाउँदासमेत हात्तिपाइले निवारण हुन सकेको छैन । रोग निवारणका गर्न बागलुङमा पुन १४औँ पटक अभियान थालिएको हो । यस पटकको अभियान भने अन्तिम हुनसक्ने तथ्याङ्कले देखाएको छ । तेह्रौँ पटकको अभियान सुरु गर्नुभन्दा पहिला हात्तिपाइले प्रभावित क्षेत्रमा पाँचौं पटक नमुना सङ्कलनको कार्य गर्दा हात्तिपाइले निवारण नभएपछि लगातार दुई वर्ष औषधि खुवाउनुपर्ने स्वास्थ्य कार्यालयका प्रमुख प्रविण शर्माले जानकारी दिनुभयो । शर्माका अनुसार १४औँ पटक औषधि सेवन गर्न गरिएको पूर्वनमुना परीक्षणमा भने जम्मा एक जनामा मात्रै हात्तिपाइलेको जिवाणु भेटिएकाले यो पटकको औषधि अन्तिम पटकका लागि हुनसक्ने सम्भावना धेरै रहेको शर्माको भनाइ छ ।

हात्तिपाइले निवारण हुन १४औँ पटक आम औषधि सेवन अभियान सञ्चालनपछि तीन पटकसम्म गरिने नमुना परीक्षणसमेत सफल हुन आवश्यक रहेको छ । “पाँच वर्ष लगातार औषधि खुवाइसकेपछि नमुना परीक्षण हुन्छ, हामीले पाँचौं चरणसम्मको नमुना परीक्षणमा दुई प्रतिशतभन्दा माथिको सङ्ख्यामा पोजेटिभ पाएका थियौँ, तर छैटौं पटकको नमुना सङ्कलनमा हात्तिपाइले निवारणका लागि दुई प्रतिशतभन्दा थोरै पोजेटिभ भेट्टिएको छ”, शर्माले भन्नुभयो ।

# इशानेश्वर मन्दिरमा दर्शनार्थीको घुइँचो

पोखरापत्र संवाददाता
लमजुङ, ६ फागुन

गण्डकी प्रदेशअन्तर्गत पहाडी जिल्ला लमजुङ मध्यनेपाल नगरपालिका–७ करापुटारस्थित इशानेश्वर महादेव मन्दिरमा आज बिहानैदेखि दर्शनार्थीहरुको घुइँचो लागेको छ । मन्दिरमा ठाडो बत्ती तथा पुजा गर्नाले सन्तान प्राप्ति हुनाका साथै अन्य मनोकामना पूरा हुने विश्वासले देशका विभिन्न ठाउँबाट शिवरात्रि पर्वमा दर्शनार्थीहरु यहाँ आएका हुन् ।

इशानेश्वर महादेव मन्दिर क्षेत्र विकास समितिका अध्यक्ष रामचन्द्र शास्त्री घिमिरेका अनुसार लमजुङसहित छिमेकी जिल्ला तनहुँ, गोरखा, कास्की, बागलुङ, काठमाडौंलगायत जिल्लाबाट भक्तजनहरु आएका छन् । समितिका अनुसार ठाडो बत्ती बाल्नेका लागि रू पाँच सय र बसेर बाल्नेका लागि रू तीन सय टिकटको व्यवस्था गरेको छ ।

शनिबार रातभर ठाडो बत्ती बाल्नका लागि नौ सयजनाको लागि व्यवस्था मिलाएको सो समितिले जनाएको छ । यहाँ ठाडो बत्ती बाल्ने, दूध चढाउने, बसेर बत्ती बाल्ने, सामूहिक व्रतबन्ध, रक्तदान, भलिबल प्रतियोगिता, कृषि मेला, हस्तकला प्रदर्शनी, १०८ धारामा स्नान, दर्शन गर्ने लगायतको कार्यक्रम हुने भएको छ । मेला सञ्चालनका लागि ३२ उपसमिति गठन भएको छ । यस मन्दिर धार्मिक हिसाबमा महत्वपूर्ण मानिने भएकाले यहाँ बर्सेनि शिवरात्रिमा करिब पाँच लाखको हाराहारीमा दर्शनार्थीहरु आउने आयोजकले जनाएको छ । यस मन्दिरमा सन्तान प्राप्त र सन्तान भएपछि शिवरात्रिमा मन्दिरमा देखाउन आउनेको बर्सेनि भीड लाग्छ । सन्तान वा पुत्र-पुत्री लाभको कामना गर्दै उनीहरूले रातभर निराहार (पानीसमेत नखाई) सन्तानको इच्छा राखेर इशानेश्वर महादेव मन्दिर परिसरमा रातभर उभिएर बत्ती बाल्ने, सन्तान वा पुत्रलाभ भएपछि मन्दिरमा आएर महादेवलाई सन्तान देखाउने, विवाह भएको लामो समयसम्म सन्तानका साथै अन्य मनोकामनासमेत पूरा हुने विश्वासले मेलामा ठाडोबत्ती बाल्नेहरूको घुइँचो लाग्छ । मन्दिरमा विशेषगरी महिलाकोबाहुल्यतादेखिन्छ । रातभर उभिएरै बाल्ने भएकाले यसलाई ‘ठाडोबत्ती’ भनिएको पुजारीहरू बताउँछन् । ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पुरातात्विक महत्व बोकेको इशानेश्वर महादेवको मन्दिरलाई सन्तानेश्वर महादेवका रूपमा समेत चिनिन्छ । स्थानीय बासिन्दाका अनुसार विसं १४१४ मा तत्कालीन लमजुङका राजा वीरनारायण शाहले मन्दिर निर्माण गरेका थिए । प्राचीनकालमा हरिनारायण पोखरेलद्वारा बीउ राख्न गोरु जोत्दा शिवलिङ्ग जोतिन गई रगत बग्न थालेको र हल गोरुसहित हलीको मृत्यु भई उक्त ठाउँमा शिवलिङ्ग उत्पत्ति भएको किंवदन्ती छ । किंवदन्तीअनुसार गोरखाका राजा कृष्ण शाहका सन्तान नभएपछि महाशिवरात्रिका दिन मन्दिरमा रातभर ठाडोबत्ती बाली सन्तान प्राप्त गरेकाले छोराको नाम रुद्र शाह राखेका थिए ।

त्यतिबेलादेखि नै इशानेश्वर महादेवमा सन्तानको चाहना राख्ने नरनारीले ठाडोबत्ती (उठेर बाल्ने बत्ती) बाल्ने चलन चलेको समितिले जनाएको छ । यस मन्दिरलाई नेपालकै पशुपति मन्दिर पछि दोस्रो मन्दिरसमेत भन्ने गरिन्छ । यस पर्वलाई मध्यनजर गरेर एक सय ७५ जना सुरक्षाकर्मीहरू खटिएका छन् । प्रहरीले दर्शनार्थीहरुलाई तीन चरणबाट सुरक्षा प्रदान गरिरहेको प्रहरीले जनाएको छ ।

# चन्दा उठाएर बाल विकास सञ्चालन

पोखरापत्र संवाददाता
बागलुङ, ६ फागुन

बागलुङ जिल्लाको जैमिनी नगरपालिका–२ दमेकका अभिभावकले चन्दा उठाएर बाल विकास केन्द्र सञ्चालन गरेका छन् । दमेकको काउले, चौडिल्ला गाउँका अभिभावकले बालबालिकाको सहजताका लागि चन्दा सङ्कलन गरेर बाल विकास केन्द्र सञ्चालनमा ल्याएका हुन् ।

काउले चौडिल्लामा २०६२ सालमा गैसरकारी संस्था सेतो गुराँस बाल विकासले स्थापना गरेको केन्द्र जैमिनी नगरपालिकाले तीन वर्षअघि सुन्तलाचौर माविमा स्थानान्तरण गरेको थियो । तीन वर्षदेखि गाउँ नजिक बाल विकास केन्द्र नभएकाले बालबालिकालाई असहज भएको भन्दै गाउँले मिलेर ‘नमूना बाल विकास केन्द्र’ सञ्चालन गरिएको स्थानीय अभिभावक धनबहादुर जिसीले बताउनुभयो ।

गाउँलेले आफ्नै स्रोतमा एक जना बाल विकास सहजकर्ता नियुक्त गरेका छन् । “पहिले यहाँ नमूना बाल विकास केन्द्र थियो, पछि बालबालिकाको सङ्ख्या निकै कम हुँदा सुन्तलाचौरमा स्थानान्तरण गरियो”, जिसीले भन्नुभयो, “स्थानान्तरणको बेलामा चार जना मात्रै बालबालिका थिए, अहिले सङ्ख्या बढेर आठ जना पुगेको छ, पहिले बाल विकास केन्द्र थियो विद्यार्थी थिएनन, अहिले विद्यार्थी छन्, बाल विकास केन्द्र छैन ।” स्थानान्तरणको समयमा बाल विकास केन्द्रका लागि आवश्यक बालबालिकाको सङ्ख्या पुगेमा यथावत रहने गरी स्थानान्तरणको पत्र नगरपालिकाले थमाएको थियो । विद्यार्थी सङ्ख्या पुगेपछि वडा कार्यालय र नगरपालिकाको शिक्षा शाखामार्फत बाल विकास केन्द्र पुनः सञ्चालनका लागि स्थानीयले पहल थालेका थिए । शैक्षिक सत्र सकिनै लाग्दासमेत बाल विकास केन्द्र पुनः सञ्चालनमा आउन नसकेपछि तीन महिनादेखि अभिभावककै सक्रियतामा बाल विकास केन्द्र सञ्चालनमा ल्याएको जिसीले बताउनुभयो । नगरपालिकाले काउले, चौडिल्लामा बाल विकास केन्द्र पुनःस्थापनाको लागि तयारी भइरहेको जनाएको छ । “त्यो बेला नमूनामा विद्यार्थी थिएनन्, सुन्तलाचौरमा विद्यार्थी थिए तर बाल विकास थिएन, त्यसैले स्थानान्तरण गरियो”, नगर शिक्षा अधिकारी खेम आचार्यले भन्नुभयो, “वडा कार्यालयले बाल विकास सहजकर्ता माग गरेर सिफारिस पठाएको छ, छिट्टै पठाउँछौँ ।”

नगर शिक्षा समितिको बैठक बस्न नसकेकाले ढिलाइ भइरहेको आचार्यले बताउनुभयो । दमेकको जनज्योति बाल विकास केन्द्रमा कार्यरत सहजकर्ता खाली रहेकाले नमूना बाल विकास पठाउने तयारी छ । काउले, चौडिल्लाका अभिभावकले यसअघि तीन वर्षसम्म बाल विकास केन्द्रमा जाने विद्यार्थीलाई बोकेर दैनिक आधा घण्टाको बाटोमा सुन्तलाचौर मावि पुऱ्याउने गरेका थिए । स–साना बालबालिका आफैं बाल विकास पुग्न नसक्ने भएकाले एक जना अभिभावक उनीहरूसँगै विद्यालय जाने र आउने बाध्यता रहेको थियो ।


## Invitation for Sealed bids
## INF Nepal Green Pastures Hospital
## Pokhara-15, Kaski, Gandaki Province, Nepal

inf INTERNATIONAL NEPAL FELLOWSHIP

**Invitation for Sealed bids for the Construction of GPH Eileen and Betty Centre Access Road**

**First Date of Publication: 19th February 2023**

1. INF Nepal Green Pastures Hospital, Pokhara-15 invites sealed bids from Nepalese eligible bidders for the construction of a GPH Eileen and Betty Centre Access Road under Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Green Pastures Hospital, Pokhara-15, Kaski.
3. Interested bidders shall deposit the cost of bidding document of NRs 5,000 and bid security amount (as mentioned in the below table) in the following bank:
   **Name of the Bank:** Sanima Bank Limited **Bank Branch:** Pokhara Branch
   **Name of Office:** INF Nepal Green Pastures Hospital
   **Bank Account No.:** 006010010000155

| S. No. | Description of Works | Bid Security Amount (NRs.) | Bid Security Validity |
|---|---|---|---|
| 1. | Tarmac Road within GPH Complex | 40,000 | 18th April 2023 |

4. Pre-bid meeting shall be held at INF Nepal Green Pastures Hospital, Pokhara-15, Kaski on 24th February 2023 10 am.
5. Interested bidders shall submit the sealed bids to INF Nepal Green Pastures Hospital on or before 04:00 PM on 5th March 2023. Sealed bids received after this deadline will be rejected.
6. Eligible bidders shall submit the copy of company registration certificate, VAT registration certificate, construction license, tax clearance certificate of FY 2078/79, Audit report of last 2 years and authorization letter/power of attorney while submitting the bid.
7. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date.
8. Bidders with the following key qualifications, should participate in this bidding:
   **i) Successfully completed at least 2 projects of similar size and nature during the last 5 years.**
9. Any discrepancies or error in the bid document, bid notice or any other document will be as per INF Nepal's Procurement Policy; the office of INFGPH reserves the right to correct, amend or cancel this bid at any time.
10. For further information, email to: info.gph@nepal.inf.org or Tel: 061 430640, 430342